# लुम्बिनीलाई विदेशीको साथ

**विदेशी खेलाडीको उत्कृष्ट प्रदर्शनमा रोहितको टोली लुम्बिनीले सुखद सुरुआत गरेको छ। अफगानी खेलाडी गुल्बदिन नैबको अलराउन्ड प्रदर्शनमा लुम्बिनीले जित निकाल्दै दोस्रो सिजनको सुरुआत गरेको हो।**



लुम्बिनीका कप्तान रोहित पौडेलसँग अफगानी अलराउन्डर गुल्बदिन नैब (दायाँ)का साथ। *तस्बिर : क्यान*

**अनिल मल्ल ठकुरी**

*काठमाडौं, मंसिर ४*

ब्याटिङमा विदेशी खेलाडीको भर पर्नु परेको दिन रोहित पौडेलको टोली लुम्बिनी लायन्सले जितबाट नेपाल प्रिमियर लिग (एनपिएल) को दोस्रो सिजन सुरु गरेको छ।

विदेशी खेलाडीको राम्रो साथ नपाउँदा रोहितको कप्तानीमा लुम्बिनीले लिगको अन्त्यमा रहँदै पहिलो सिजन पूरा गरेको थियो। त्यति बेला एक मात्र जित निकाल्दै लुम्बिनी लिगको पुछारमा रहँदा विदेशी खेलाडीको प्रदर्शन सुखद थिएन। दोस्रो सिजन भने विदेशी खेलाडीको उत्कृष्ट प्रदर्शनमा रोहितको टोली लुम्बिनीले सुखद सुरुआत गरेको छ। अफगानी खेलाडी गुल्बदिन नैबको अलराउन्ड प्रदर्शनमा लुम्बिनीले जित निकाल्दै दोस्रो सिजनको सुरुआत गरेको हो। कीर्तिपुरमा लुम्बिनीले बिहीबार चितवन राइनोजमाथि ६ विकेटको जित निकाल्यो। गत सिजन पनि लुम्बिनीको एक मात्र जित चितवनसँगै नै पाएको हो। चितवनविरुद्ध लुम्बिनीले यसपल्ट पनि सुखद नतिजा जारी राख्यो।

दुवै टोलीका लागि विदेशी खेलाडीले उत्कृष्ट प्रदर्शन गरे। तर, खेलमा बाजी भने रोहितको लुम्बिनीले मार्‍यो। यससँगै चितवनले जारी एनपिएलमा पहिलो हार सामना गर्‍यो। पहिलो खेलमा चितवनले कर्णाली याक्समाथि चार विकेटको जित निकालेको थियो। दोस्रो खेलमा शीर्ष क्रमका ब्याटर चल्न नसक्दा चितवनले हार सामना गर्‍यो। यद्यपि, चितवनका लागि पनि इङ्ल्यान्ड अनुभवी क्रिकेटर रवि बोपाराले ६६ रन जोड्दै टोलीको इनिङ मध्यम योगफलसम्म पुर्‍याए। उनले लगातार दोस्रो खेलमा अर्धशतक बनाए पनि पर्याप्त भएन। अफगानी अलराउन्डर नैबले उत्कृष्ट प्रदर्शन गर्दै जित दिलाए। उनले दुई विकेटसँगै ४४ रन पनि जोडे। लुम्बिनीका विदेशी खेलाडी रुबेन ट्रम्पलमेनको प्रदर्शन पनि उत्कृष्ट रह्यो। उनले किफायती बलिङसँगै तीन विकेट लिए।

उनी र अभिशेष गौतमले शीर्ष पाँच विकेट लिएपछि चितवनको ब्याटिङ कमजोर बन्यो। त्रिवि क्रिकेट स्टेडियममा चितवनले एक सय ४३ रनको मध्यम लक्ष्य दियो। त्यो लक्ष्य लुम्बिनीले १८.३ ओभरमा चार विकेट गुमाउँदै भेट्टायो। जितपछि लुम्बिनीका कप्तान रोहितले विदेशी खेलाडीको प्रदर्शन राम्रो हुँदा यसपल्ट सुखद सुरुआत गर्न पाएको उल्लेख गरे। 'हरेक प्रतियोगितामा पहिलो खेलमा जित महत्त्वपूर्ण हुन्छ। आज हामी सफल भयौं। गत सिजन विदेशी खेलाडीको प्रदर्शन राम्रो भएको थिएन। यसपल्ट विदेशी खेलाडीले राम्रो गरेका छन्,' रोहितले भने, 'विदेशी र घरेलु खेलाडीको कलेक्टिभ इफोर्टले जित्यौं। आगामी खेलमा पनि यस्तै हुनेछ भन्ने आशा छ।'

लुम्बिनीका मध्यक्रमका ब्याटर नैब ४४ रनमा अविजित रहे। उनले २४ बलमा समान तीन चौका र छक्का प्रहार गरे। लुम्बिनीले दोस्रो ओभरमै पहिलो विकेट गुमाउन पुग्यो। रिजन ढकालले डार्सी सर्टलाई ११ रनमा बोल्ड गरे। त्यसपछि कप्तान रोहितले इनिङ समाले। उनले दोस्रो विकेटका लागि सन्दीप जोरासँग २७ रन, तेस्रो विकेटका लागि दिलीप नाथसँग ३० रन र चौथो विकेटका लागि नैबसँग ६० रनको साझेदारी गरे। १८औं ओभरमा रोहित ३९ रनमा आउट भए। उनले ४४ बलमा एक चौका मात्र प्रहार गरे। त्यसअघि ओपनर सन्दीपले २८ रन जोड्दा दिलीप १० रनमा रनआउट भए। चितवनको बलिङमा रिजन ढकालले दुई तथा सोहल तनभिरले एक विकेट लिए।

६ बलर प्रयोग गरे पनि चितवनले हार टार्न सकेन। कमलसिंह ऐरीले तीन ओभरमा ४४ रन खर्चंदै महँगा साबित भए। रविको अर्धशतकमा चितवनले पूरै ओभरमा सात विकेट गुमाउँदै एक सय ४२ रनको योगफल बनाएको थियो। लगातार दोस्रो खेलमा रविले अर्धशतक प्रहार गरेका हुन्। पहिलो खेलमा कर्णाली याक्सविरुद्ध पनि रविले ५२ रनको इनिङ खेलेका थिए। त्यो लय उनले जारी राखे। शीर्ष तीन ब्याटर सस्तैमा आउट हुँदा चितवनको सुरुआत राम्रो भएन। ओपनरद्वय दीपक बोहरा १० रन र डविड मालन शून्यमा पभेलियन फर्किए। नामिबियन तीव्र गतिका बलर ट्रम्पलमेनले इनिङको दोस्रो बलमै मालनलाई गोल्डेन डकआउट गरे। चौथो ओभरमा दीपक पनि पभेलियन फर्किए।

सुरुमै दुई विकेट पतनपछि चितवन दबाबमा पर्‍यो। पावर प्लेमा चितवनले ३२ रन मात्र जोड्यो। आठौं ओभरमा देव खनाल पनि १४ रनमा आउट भए। यससँगै ७.३ ओभरमा चितवन ४३/३ को अवस्थामा पुग्यो। त्यसपछि रविले कप्तान कुशल मल्लसँग चौथो विकेटका लागि ४४ रनको साझेदारी गर्दै इनिङ अगाडि बढाए। १६औं ओभरमा कुशल २१ रनमा आउट भए। रविले पाँचौं विकेटका लागि पनि सैब जैबसँग ४१ रनको साझेदारी गरे। सैब ७ बलमा १५ रन जोड्दै आउट भए। उनको इनिङमा दुई चौका र एक छक्का रह्यो। डार्सीको १७औं ओभर महत्त्वपूर्ण रह्यो र चितवनले तीन छक्कासहित २१ रन जोड्यो।

अन्तिम ओभरको दोस्रो बलमा बोपारा आउट भए र चितवनको १५० रनको आँकडा पार गर्ने लक्ष्य पूरा भएन। ५५ बलमा बोपाराले चार चौका र तीन छक्का प्रहार गरे। लुम्बिनीको बलिङमा ट्रम्पलमेनले तीन तथा अभिशेष र नैबले समान दुई विकेट लिए। रवि बोपराले लुम्बिनीका कप्तान रोहितको स्टम्पिङ निर्णय विपक्षमा आउनुप्रति असन्तुष्टि व्यक्त गरे।

## अल्ट्रा धावक दावा अस्ट्रेलियामा दौडँदै

काठमाडौं, मंसिर ४ (नागरिक)- नेपाली अल्ट्रा/ट्रेल रनर दावा तामाङले अस्ट्रेलियामा हुने कोस्की १०० अल्ट्रा/ट्रेल कोसियुस्को (युटिएमबी) मा प्रतिस्पर्धा गर्ने भएका छन्।

आगामी मंसिर १२ गते अस्ट्रेलियाको न्यु साउथवेल्समा कोस्की १०० अल्ट्रा/ट्रेल हुनेछ। उक्त अल्ट्रा दौडमा नेपालका धावक धावाले चुनौती प्रस्तुत गर्ने भएका हुन्। दावाको यो पहिलो अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि हो। उक्त दौडमा सहभागी हुन दावा आगामी शनिबार अस्ट्रेलिया जाने तयारीमा छन्। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) मा बिहीबार आयोजित कार्यक्रममा राखेपका सदस्यसचिव टंकलाल घिसिङले दावालाई बिदाइ गरेका थिए। दावा शनिबार अस्ट्रेलिया जाँदै छन्। उनी रसुवा जिल्लाको कालिका गाउँपालिका-१ का अध्यक्ष पनि हुन्।

कराते खेलाडी र प्रशिक्षकसमेत रहेका दावाले एक सय किलोमिटर दूरीमा प्रतिस्पर्धा गर्नेछन्। करिब १ वर्षदेखि उनी यो विधामा सक्रिय छन्। वर्ल्ड एक्सट्रिम फिस्टेल १०० अल्ट्राका रजत विजेता दावाको अस्ट्रेलिया भ्रमणका लागि एक्सटेप नेपालले प्रायोजन गरेको छ। बिदाइ कार्यक्रममा दावाले सामाजिक सेवा र खेललाई सँगै अगाडि बढाउन सकिने उल्लेख गर्दै यो प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्दै विश्व सिरिजमा छनोट हुने आशा व्यक्त गरेका छन्।




नेपाल सरकार

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

### जीपी कोईराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र

दुलेगौंडा, तनहूँ

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मितिः २०८२/०८/०५

यस केन्द्रको मिति २०८२/०६/२६ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता भएका बोलपत्र मध्ये देहायका बोलपत्र सारभुत रुपमा प्रभावग्राही हुँदा सार्वजनिक खरिद ऐन २०६३ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | योजनाको नाम | छनोट भएको बोलपत्रदाता | कबोल अंक VAT बाहेक |
|---|---|---|---|
| (GPKNCRD/GOODS/NCB/06/2082-083) | Supply, Installation of Lift and Civil Construction Works including (steel structure core construction) at Hospital | R.M.S. International | 6256305.30/- |

**अस्पताल प्रमुख**

कोशी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

पूर्वाधार विकास निर्देशानलय

### पूर्वाधार विकास कार्यालय, खोटाङ

दिक्तेल, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मितिः २०८२/०८/०५)

यस कार्यालयको मिति २०८२/०७/०२ को नागरिक दैनिकमा प्रकाशित तपशिल बमोजिमको ठेक्का नं. र आयोजना सम्बन्धमा रितपूर्वक e–GP System: bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रदाताको नियमानुसार अध्ययन, जाँच-परिक्षण तथा मूल्यांकन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का नं. | आयोजनाको नाम | छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | IDO/KTG/NCB/W-02/2082/83 | Seasonal Installation and Dismantling of 51.81m Span Bailey Bridge at Banshilaghat, Khotang | श्री गुरुकुल विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., रौतहट | ५७००००००।०० | |

**कार्यालय प्रमुख**

### टोखा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**मैजुहिटी काठमाडौं।**

### विद्युतीय बोलपत्र आव्हानको सूचना

दोश्रो पटक प्रकाशित मितिः २०८२/०८/०५ (Nov. 21, 2025)

यस कार्यालयको तपशिल बमोजिमको खरिद कार्य विद्युतीय बोलपत्र (E–Bid) को माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट रितपूर्वक बोलपत्र आव्हान गरिएको छ। विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको website: www.bolpatra.gov.np/egp मा हेर्नुहुन समेत सूचित गरिन्छ।

| ठेक्का नं. | खरिद सम्बन्धी बिवरण | फाराम दस्तुर (रु.) | जमानत रकम (रु.) | बोलपत्र जमानत मान्य अवधि | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति र समय | लागत अनुमान रु. (VAT र PS बाहेक) |
|---|---|---|---|---|---|---|---|
| 11/NCB/TM/W/2082-83 | kathmandu jilla Tokha nagarpaalika ward-3 bakhundol pragatisil tol Bikash sastha bakhundol gate bata tokha mul sadak jodne bato kalopatre karya | ३,००० | १,६५,०००.०० | १२० दिन | मंसीर २१, २०८२ (Dec. 07, 2025) मध्यान्ह १२ बजे | मंसीर २१, २०८२ (Dec. 07, 2025) दिउँसो ०१ बजे | ६७,६२,८०९.४९ |

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस कार्यालयको सूचना बमोजिम निम्न कार्य गर्नको लागि देहायको बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | बोलपत्रको विवरण | बोलपत्रदाताको नाम | कबोल अंक (VAT र PS बाहेक) |
|---|---|---|---|
| १ | Odaka Bibhinna Sadakharu Istarunnati Kalopatre,Ward 9 | Yubi Yuni Construction and suppliers, Tokha-4, Kathmandu. | ५०,२३,४८६.४० |
| २. | Tokha Prahari Prabhag Karyalaya Tokha Dekhi Uttar Hattigauda Jane pulsamma Sadak Istaronnati | Shreepal construction pvt.ltd, Tadi-3, Nuwakot | १६,९८,७८९.१९ |

**प्रमुख प्रशासकीय अधिकृत**

### दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

दिक्तेल, खोटाङ

### बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।०८।०५

यस नगरपालिकाद्वारा तपसिल अनुसारको निर्माण कार्यहरू राष्ट्रियस्तरको खुल्ला बोलपत्र/सिलबन्दी दरभाउपत्र खरिद प्रक्रिया eGP को माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाता/दरभाउपत्रहरुका लागि बोलपत्र/दरभाउपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र/दरभाउपत्र आव्हान गरिन्छ। यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेबसाईट www.rupakotmajhuwagadhimun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको पूर्वाधार विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

**खरिद सम्बन्धी विवरण**

| सि.नं. | ठेक्का नं. | बोलपत्रको विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | लागत अनुमान र कम रु. (भ्याट, कन्टिन्जेन्सि बाहेक) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद दस्तुर रु. | बोलपत्र मान्य अवधि | खरिद विधि |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | 04/DRMM/NCB/W/2082/083 | Parajuli Gaun- Kachaharidanda - Mohoriya Road Upgradation Works | २०८२।९।७ दिनको १२:०० बजे सम्म | २०८२।९।७ दिनको १६:१० बजे | २१,६०,४६७।४५ | ६२,५००।- | ३,०००।- | ९० दिन | बोलपत्र |
| २. | 05/DRMM/NCB/W/2082/083 | Nunthala-Midhill highway-Habu Road Upgradation Works | २०८२।९।७ दिनको १२:०० बजे सम्म | २०८२।९।७ दिनको १६:२० बजे | २१,५८,१३६।५९ | ६२,५००।- | ३,०००।- | ९० दिन | बोलपत्र |
| ३. | 01/DRMM/SQ/W/2082/083 | Irrigation works of Lapse-Panchami Chiuridanda | २०८२।८।२२ दिनको १२:०० बजे सम्म | २०८२।८।२२ दिनको १६:१० बजे | १७,३०,३१५।७५ | ५०,०००।- | १,०००।- | ४५ दिन | सिलबन्दी दरभाउपत्र |
| ४. | 02/DRMM/SQ/W/2082/083 | Maintenance and Fencing Work of Jagadamba MaVi Khiri | २०८२।८।२२ दिनको १२:०० बजे सम्म | २०८२।८।२२ दिनको १६:२० बजे | १२,९३,२५५।९२ | ३७,५००।- | १,०००।- | ४५ दिन | सिलबन्दी दरभाउपत्र |
| बैंक विवरण | | **बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागिः**<br>Rastriya Banijya Bank, Diktel Branch, Khotang<br>**Name of Account:** DIKTEL NA.PA.(GA-1-1)-AANTARIK RA<br>**Account No.:** 2060100301010003 | | | **बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागिः**<br>Rastriya Banijya Bank, Diktel Branch, Khotang<br>**Name of Account:** DIKTEL NA.PA.(GA-3)-DHARAUTI ACCOUN<br>**Account No.:** 2060100303000003 | | | | |

**प्रमुख प्रशासकीय अधिकृत**

**नेपाल रिपब्लिक मिडिया**द्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल